October 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 2, Vol. 16 www.eurasiareiyukai.com

विजया दशमी
एवं
शुभ-दिपावली २०७१ सालको
पावन अवसरमा सम्पूर्ण रेयूकाई
बन्धुहरुमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।
यूराशिया रेयूकाई

# यूराशिया रेयूकाईको अपिल

यूराशिया रेयूकाईका संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले सन् १९७७ अप्रिल १५ तारिखका दिनदेखि नेपाल देशमा महान् रेयूकाई शिक्षालाई प्रवेश गराउनु भई नेपाल देशमा मात्र नभई यूरो एशिया महाद्वीपलाई बचाई विश्वशान्तिमा योगदान दिने असंख्य साधारण बोधिसत्व निर्माण गर्ने कार्यमा कटिबद्धभई विगत ३८ वर्षदेखि समाज विकासमा लाग्ने प्रेरणा दिनुभई आफ्नो जीवनको ४ दशक नेपाल र नेपालीहरुको विकासको लागि अर्पण गरिरहनु भएको सर्वविदितै छ ।

आदर्श समाज निर्माण गर्न अरुमा भर नपरी आफैं अग्रसर भई समाजमा उदाहरणीय र असल व्यक्ति बनि अन्तरआत्माको विकास गरी समाज विकासमा योगदान पुर्‍याउने असंख्य व्यक्तिहरु निर्माण गर्दै जाने यूराशिया रेयूकाईको उद्देश्य हो ।

रेयूकाई शिक्षाको बेस (आधार) कृतज्ञता हो । सम्पूर्ण मानव, प्रकृति, समाज, देशप्रति कृतज्ञ भई गुण फर्काउने कार्य गर्ने मौका पाउने नै यूराशिया रेयूकाई हो । नामु-म्योहोरेङ्गेखत-क्यो प्रार्थना गर्ने सबै रेयूकाई हुँदैनन् । त्यसैले नझुक्किनु होला ।

यूराशिया रेयूकाईलाई आँच पुर्‍याउने र भ्रम फैलाउने किसिमले "रेयूकाई" शब्द प्रयोग गरी यूराशिया रेयूकाईका सदस्यहरुलाई झुटो कुरा गरी भ्रममा पार्ने, झुक्याउने, आर्थिक प्रलोभन देखाउने, झुठा आश्वासन दिने, यूराशिया रेयूकाई विरुद्ध भड्काउने कार्य भएमा सो मा नलाग्न अपिल गर्दछौं ।

वास्तविक रेयूकाई यूराशिया रेयूकाई मात्र हो । सही, सत्य र वास्तविक महान् रेयूकाई शिक्षालाई कार्यान्वयन गर्ने मौका पाएको कुराप्रति गर्व, खुशी र उत्साह लिई व्यूँझेर यो संसारलाई बचाउने बोधिसत्वको रुपमा कार्यान्वयन गरी कार्यान्वयन गराई "म लोकहितकारी बोधिसत्व हुँ, म यूराशिया महाद्वीपलाई बचाउँछु" भन्ने हाम्रा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिदेशनलाई कार्यान्वयन गरी कार्यान्वयन गराई "बुद्धको शिक्षाको ज्योतिलाई यूराशिया महाद्वीपको प्रत्येक घरभित्र चम्काई ठोस परिणाम र प्रतिफल देखा पारौं" भन्ने हाम्रो अपिल हो । कुनै संस्था वा व्यक्तिको प्रलोभनमा नपरी यूराशिया रेयूकाईका सम्पूर्ण सदस्यहरु एकतावद्ध भई अझै बलियो रुपमा कार्यान्वयन गर्नहुन यूराशिया रेयूकाईका सम्पूर्ण सदस्य, लिडर्स एवं शुभ-चिन्तकहरुमा हार्दिक अपिल गर्दछौं ।

- यूराशिया रेयूकाई

## नागरिक सरसफाई अभियान

## "स्वयम् आफैंबाट शुरूवात गरौं"

प्राणी मध्ये हामी आफूलाई सर्वश्रेष्ठ प्राणी ठान्दछौं, हुनपनि अरु प्राणीभन्दा हामीमा बुद्धि, विवेक र चेतना छ । यी सबैको वावजुद पनि हामी गाउँ-ठाउँ, समाज र राष्ट्रमा बढ्दै गईरहेको वातावरणीय प्रदूषण र सरसफाईसँग राम्रोसँग भिज्न सकिरहेका छैनौं । दिनानुदिन वृद्धि हुँदै गईरहेको फोहरमैला र विग्रँदै गईरहेको वातावरण हाम्रो आँखाको सामुन्नेबाट लुकेको छैन । अतः यो वातावरण संरक्षणको लागि प्रत्येक व्यक्ति-व्यक्तिले के कुरा नगरिकन हुँदैन भन्ने सचेत नागरिकको हैसियतले सोच्न बाध्य हुने बेला आईसकेको छ ।

वातावरण संरक्षणको लागि हालसम्म राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरबाट विभिन्न कार्यक्रमहरु संचालन भईरहेता पनि अपर्याप्त रहेको देखिन्छ । दिनप्रतिदिन बढ्दै गईरहेको फोहरमैलाको समस्या प्राविधिक तथा आर्थिक श्रोत साधनकै पहलमा मात्र समाधान गर्नु एक चुनौती सावित भईसकेको हुँदा यस समस्याको समाधान गर्न प्रत्येक व्यक्ति-व्यक्ति कै सोच्ने विचारमा नै परिवर्तन गर्नुपर्ने आजको मुख्य आवश्यकता देखिन्छ । तसर्थ स्वयम् आफैंबाट यस कार्यको शुरुवात गरौं ।

## यूराशिया रेयूकाई नागरिक सरसफाई अभियानको आव्हान

(१) वातावरण दूषित बनाउने कुरालाई हटाइ राम्रो समाज, राम्रो वातावरण बनाउनमा स्वयम् आफै बाट लागि पर्ने ।
(२) सकभर फोहोरको श्रोत कम हुने किसिमको जीवनयापन गर्ने ।
(३) Re-Cycle गर्न मिल्ने बस्तु छुट्ट्याएर भिन्दा भिन्दै राखि Re-Cycle मा प्रयोग गर्ने मौका पाउने ।
(४) रुख, विरुवा नकाटौं । रुख, विरुवा, फुलहरु रोप्ने मौका पाउने ।
(५) प्लाष्टिकको झोलाको बदलामा कागज वा कपडाको झोला प्रयोग गर्ने मौका पाउने ।
(६) आफू बसेको समाजमा भएको फोहोर मैलालाई सफा गर्न आफ्नै घरपरिवारबाट शुरु गरी वरिपरिका छर छिमेकीलाई पनि प्रोत्साहन गर्ने मौका पाउने ।
(७) जथाभावी नथुकौं, सभ्य नागरिकको परिचय दिऔं ।
(८) सार्वजनिक सम्पत्तिको सरसफाई एवं संरक्षण गरौं ।
(९) Solar Energy तथा Wind Energy लाई प्रोत्साहन गरौं ।
(१०) Co2 कार्वनडाईअक्साईडबाट हुने बेफाइदाको बारेमा जनचेतना जगाउने । प्रदूषणलाई सकारात्मक रुपमा न्यूनीकरण गर्दै जाने मौका पाउने ।
(११) हामी मानवको रुपमा वनस्पती, प्रकृती प्रति कृतज्ञ भई बांचेर आई रहेका छौं । यो कुरालाई सकारात्मक रुपमा सोची समाजमा योगदान दिने क्रियाकलाप बढी भन्दा बढी आयोजना गर्ने मौका पाउने ।
(१२) हामीबाट समय-समयमा हुँदै आएको गल्तीलाई सुधार्ने, फोहर जहाँ पायो त्यहि नफाल्ने, Energy लाई बचाउने । विद्युतीय उपकरणहरु प्रयोग पश्चात Stand By नराखी पूरै Switch Off गर्ने मौका पाउने ।
(१३) हाम्रो विश्वलाई हामी आफैबाट बचाउने मौका पाउने ।
(१४) यूराशिया रेयूकाईको वातारण सम्बन्धी नीति, आव्हानलाई अवश्य लागू गर्ने मौका पाउने ।
(१५) सरकारको मुख नताकी आफैबाट अग्रसर भई वातावरण सफा राख्न लागी पर्ने मौका पाउने ।

## नागरिक सरसफाई अभियान क्रियाकलापको फोटो


यूराशिया रेयूकाई ११औं शाखा, दोलखा


यूराशिया रेयूकाई १५औं शाखा, लाहान


यूराशिया रेयूकाई १८औं शाखा, सिलीगडी


यूराशिया रेयूकाई २५औं शाखा, सरस्वतीखेल, भक्तपुर


यूराशिया रेयूकाई २८औं शाखा, भद्रपुर


यूराशिया रेयूकाई समाज विकास केन्द्र, सानेपा, ललितपुर